# आ.व. २०७९/०८० मा शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयबाट सञ्चालन हुने महिला, बालबालिका र समाजकल्याण तर्फका स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९

माननीय मन्त्रीस्तरबाट स्वीकृत मिति- २०७९/०५/०१

प्रदेश सरकार

**शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय**

गण्डकी प्रदेश

पोखरा, नेपाल

*(आ.व. २०७९/०८० मा प्रदेश तर्फ राजश्व बाँडफाँट र समानीकरण अन्तर्गत महिला, बालबालिका र समाजकल्याण तर्फको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड २०७९" माननीय मन्त्रीस्तरीय निर्णयबाट मिति २०७९/०५ /०१ मा स्वीकृत)*

**विषय सूची**

## खण्डः एक

## परिचय तथा उद्देश्य

### १.१ परिचयः

गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम अनुसार महिला, बालवालिका तथा समाजकल्याण क्षेत्रको संरक्षण, विकास, शसक्तिकरण र न्यायका लागि उनीहरुको प्रत्यक्ष सहभागितामा लक्षित कार्यक्रम संचालन गर्ने विषयलाई विशेष प्राथमिकता दिइएको छ।

प्रदेश सरकार, कार्यविभाजन नियमावली, २०७४ ले समेत महिला, बालवालिका तथा समाजकल्याण क्षेत्रको हक अधिकार सुनिश्चित गर्नका लागि लैङ्गिक हिंसा, मानव वेचविखन तथा ओसारपसार नियन्त्रण, बालविवाह, सामाजिक कुरिति र परम्परागत हानिकारक अभ्यास न्यूनीकरण गर्दै लैंगिक समानता, बालमैत्री शासकीय प्रबन्ध, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको उचित व्यवस्थापन तथा संरक्षणका लागि जोड दिएको सन्दर्भमा विपन्न, लक्षित महिला, बालवालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकसँग सम्बन्धित कार्यक्रम संचालन प्रक्रियालाई सहज, व्यवस्थित, पारदर्शी, जवाफदेही तथा औचित्यपूर्ण एवं प्रभावकारी तरिकाले सम्पादन गर्दै अपेक्षित गुणस्तरीय परिणाम प्राप्त गर्नका लागि प्रदेश सरकारबाट जारी भएको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि,२०७७ को अधिनमा रही शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयबाट **" वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड २०७९"** स्वीकृत गरिएको छ।

**उद्देश्यः**

- आ.व. २०७९/०८० को वार्षिक विकास कार्यक्रमहरु सहज र सरल तरिकाले सम्पादन गर्नु,
- कार्यक्रम कार्यान्वयनमा एकरुपता, प्रभावकारीता र गुणस्तरीयता कायम गर्नु,
- कार्यक्रम कार्यान्वयनमा आर्थिक पारदर्शिता तथा मितव्ययिता कायम गर्नु।

### १.२ कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था :

कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७, तथा प्रदेश सरकार, गण्डकी प्रदेशद्वारा स्वीकृत खर्चको मापदण्ड, २०७५ र बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत कार्यविधि,२०७७ मा भएको व्यवस्था बमोजिम हुनेछ।

## १.३ कार्यक्रम कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने पक्षहरु:

१. यस मापदण्डको पालना गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका कार्यक्रमको जिम्मेवार कर्मचारीको हुनेछ।

२. कार्यक्रम शुरु गर्नु अघि कार्यालयमा बैठक बसी कार्यक्रम सञ्चालन प्रकिया, सहभागी संख्या, श्रोत व्यक्ति, सहजकर्ता, कार्यक्रम संचालन हुने मिति, समय र स्थान तथा अन्य आवश्यक विवरण सहितको निर्णय गराई कार्यक्रम संचालनका लागि कार्यालय प्रमुखबाट पूर्व स्वीकृत गराउनु पर्नेछ।

३. कार्यक्रम संचालन गर्दा कार्यालय प्रमुख, लेखा प्रमुख र कार्यक्रमको जिम्मेवार प्राप्त कर्मचारीको समन्वयमा संचालन गर्नु पर्नेछ।

४. यस निर्देशिका अनुसार कार्यक्रम संचालन गर्दा गण्डकी प्रदेश सरकारबाट जारी भएका कार्यविधि, मापदण्ड र निर्देशिकाको हकमा सोही अनुसार र अन्यको हकमा नेपाल सरकार, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, महिला तथा बालबालिका विभाग, राष्ट्रिय महिला आयोग समेतबाट जारी भएका कार्यविधि, मापदण्ड र निर्देशिका समेतलाई आधार मानी कार्यक्रम संचालन गर्नु पर्नेछ।

५. कार्यक्रम संचालन गर्दा तोकिएको चौमासिक भित्रै संचालन गर्नु पर्नेछ। यदि समयमा कुनै कार्यक्रम संचालन गर्न नसकिएमा कारण सहितको विवरण मन्त्रालयमा समयमै उपलब्ध गराउनु पर्नेछ।

६. यस आ. व. को आर्थिक दायित्व आगामी आ. व. मा सर्ने गरी कार्यक्रम संचालन गरिने छैन।

७. सम्पादित क्रियाकलापको आन्तरिक र वाह्य लेखा परीक्षण गराउने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुनेछ। यस कार्यमा सहयोग गर्नको लागि सम्बन्धित कर्मचारी जिम्मेवार रहनेछ।

८. गण्डकी प्रदेश, अर्थ मन्त्रालयबाट जारी भएको बजेट कार्यान्वयन मार्गदर्शन, २०७९/८० को पूर्ण पालना गर्नुपर्नेछ। सार्वजनिक खर्चमा मितब्ययिता र प्रभावकारीता सम्बन्धी कायम गर्ने नीतिगत मार्गदर्शन २०७५ समेत अनुशरण गर्नुपर्नेछ।

९. यस निर्देशिकामा अन्यत्र जेसुकै लेखिए तापनि स्वीकृत वार्षिक कार्यक्रमहरु सञ्चालन गर्दा गराउँदा बजेटको परिधिभित्र रही सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७५, भ्रमण खर्च नियमावली २०६४ को परिधीभित्र रही कार्यक्रम संचालन गर्नु पर्नेछ।

१०. कार्यक्रमको मुख्य मुख्य उपलव्धि र वित्तीय प्रगति मासिक रूपमा एवम् भौतिक तथा वित्तीय प्रगति चौमासिक र वार्षिक रुपमा तयार गर्नु पर्नेछ।

नोट : प्रचलित आर्थिक ऐन, नियमावली र कार्यविधि संशोधन वा जारी भएमा सोही बमोजिम कार्यक्रम संचालन गर्नुपर्ने छ।

# खण्डः दुई

# वार्षिक विकास कार्यक्रम र कार्यान्वयन

## २.१ मन्त्रालय तर्फ (चालु कार्यक्रम)

२.१.१ सञ्चा लत ज्येष्ठ नागरिक सेवा भवन तथा आश्रम संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | संख्या | १ | २००० | पहिलो र दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | ज्येष्ठ नागरिकहरुलाई सहज, मर्यादित तथा सम्मानपूर्ण रुपमा जीवनयापन गर्नमा सहयोग गरी उनीहरुको दैनिक जीवनयापनमा सहजता ल्याउनको लागि सञ्चालित ज्येष्ठ नागरिक सेवा भवन तथा आश्रमको संचालन अनुदान उपलब्ध गराउन आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | • आश्रित ज्येष्ठ नागरिकहरुको सम्मानपूर्ण जिवनयापनमा सहजता ल्याउने। |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट वाँडफाँट | आश्रम छनौटका लागि वैटक भत्ता, आश्रम संचालनको लागि संचालन तथा संस्थागत खर्च सञ्चालन गर्न आवश्यक प्रस्ताव वमोजिम खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | (क) संस्थाहरुबाट देहायका कागजातहरु सहित प्रस्ताव आव्हान<br>• अनुसूचि १ बमोजिम पूर्ण रुपमा भरिएको प्रस्ताव<br>• संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी<br>• आश्रमको विधान, संस्था नविकरण प्रमाण, कर चुक्ता खुल्ने कागजात<br>• जग्गा भवन भए सोको प्रमाणपत्रको प्रतिलिपी<br>• आश्रमको कार्यानुभव<br>• आश्रमको गत आ.व.को वार्षिक प्रगति प्रतिवेदन<br>• सम्बन्धित स्थानीय तह र जिल्ला स्थित सामाजिक विकास कार्यालयको सिफारिस पत्र<br>• योजनाको लागत अनुमान<br>(ख) अनुसूचि २ बमोजिम संस्था मूल्याङ्कन, छनौट तथा सिफारिस<br>(ग) मन्त्रालयले सम्झौता गर्ने<br>(घ) कार्यसम्पादनको आधारमा रकम भुक्तानी गर्ने। |
| ६. अपेक्षित प्रतिफल | • ज्येष्ठ नागरिक आश्रम संस्थागत क्षमता अभिवृद्धि भएको हुने<br>• आश्रित नागरिकहरुको मर्यादित जीवनयापनमा सहयोग पुगेको हुने। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • संस्थाले मन्त्रालयसँग गरेको सम्झौताको प्रतिलिपी |

| | |
|---|---|
| | • खर्चका प्रमाणित विल भरपाईहरु,<br>• कार्यक्रमका फोटोहरु,<br>• स्थानीय तहबाट भुक्तानीको सिफारिस पत्र<br>• सम्बन्धित संस्थाको खर्च अनुमोदन र भुक्तानी सिफारिस सम्बन्धी वैठकको निर्णय<br>• सामग्री खरिदको हकमा खरिद आदे र दाखिला प्रतिवेदनको प्रतिलिपी<br>• कार्यसम्पन्न प्रतिवेदन । |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय, सामाजिक विकास कार्यालय तथा स्थानीय तह |

### २.१.२ प्रदेशमा विद्यमान भेदभाव छुवाछुत जस्ता गम्भीर सामाजिक अपराध न्यूनिकरणका लागि सचेतनामूलक कार्यक्रम संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १००० | पहिलो, दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | समाजमा विभिन्न खालका सामाजिक कुरीति, जातीय विभेद, लैङ्गिक हिंसा तथा मानव बेचबिखन तथा ओसारपसार जस्ता हानिकारक अभ्यासले सामाजिक विकासमा अवरोध खडा गर्नुका साथै समाजमा अशान्तिको अवस्था सृजना गर्दछ । यसले महिलाहरुको सशक्तीकरण तथा विकासमा प्रत्यक्ष असर पार्नुका साथै लैगिंक समानता हासिल गर्न अवरोध सृजना भएकोले समयमै यसको रोकथाम गर्नका लागि विभिन्न सचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने गरी यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | विभिन्न सचेतनामूलक कार्यक्रम मार्फत समाजमा विद्यमान सामाजिक कुरीति, जातीय छुवाछुत, लैंगिक हिंसा, मानव बेचविखन तथा ओसारपसार लगायतका परम्परागत हानिकारक अभ्यासहरु न्यूनीकरण गर्नु |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट वाँडफाँट | प्रचार प्रसार,छलफल तथा अन्तर्क्रिया, गोष्ठी अन्तरसम्बाद, सचेतनामूलक कार्यक्रम संचालनको लागि प्रशिक्षक भत्ता, दैनिक भ्रमण भत्ता, स्टेशनरी, खाजा/खाना खर्च, वैठक भत्ता इत्यादी |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • मन्त्रालयमा तयारी वैठक<br>• आवश्यकता अनुसार सरोकारवालाहरुसँग समन्वय<br>• कार्यक्रम संचालनको खाका तयार<br>• कार्यक्रम सञ्चालन गर्न स्थान छनौट |

| | | |
|---|---|---|
| | | • प्रचारप्रसार, छलफल तथा अन्तर्क्रिया, गोष्ठी अन्तरसम्बाद, जिल्ला सेवा केन्द्रहरुको समिक्षा गोष्ठी तथा आवश्यकता अनुसार सचेतनामूलक कार्यक्रम संचालन गर्ने<br>• अनुगमन<br>• प्रतिवेदन तथा समीक्षा |
| ६. | अपेक्षित प्रतिफल | लैंगिक हिंसा,सामाजिक कुरीति लगायतका परम्परागत हानिकारक अभ्यासमा न्यूनीकरण आएको हुनेछ। |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | • खर्चका बिल भर्पाई<br>• कार्यक्रम सञ्चालनका फोटोहरु<br>• प्रतिवेदन विवरण |
| ८. | अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

**२.१.३ हिंसा प्रभावितहरुका लागि तत्काल उद्धार समन्वय संजाल वैठक**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/संख्या | ३ | ९० | पहिलो, दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | लैंगिक हिंसा तथा मानव बेचविखन र ओसारपसारजन्य घटनाहरुलाई अपराधको रुपमा लिई निरोधात्मक, प्रबर्द्धनात्मक र उपचारात्मक उपायहरु अवलम्बन गरिएको भएतापनि अझै पनि यो समस्या चुनौतीको रुपमा रहेको पाइन्छ। गण्डकी प्रदेशभित्र लैंगिक हिंसा र मानव बेचविखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको बीचमा समन्वय गरी प्रभावितहरुलाई आपतकालीन अवस्थामा तत्काल उद्धार गरी संरक्षण र न्यायमा पहुँच पुऱ्याउनका लागि गत आ.ब. २०७५/७६ गठन भएको तत्काल उद्धार समन्वय सञ्जालको निरन्तरता दिंदै  कार्यक्रम संचालन गर्न यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | • लैंगिक हिंसा र मानव बेचविखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत निकायहरुबीच समन्वय गर्ने।<br>• आपतकालीन अवस्थामा पीडित तथा प्रभावितहरुहरुलाई तत्काल उद्धार गरी सुरक्षित तरिकाबाट संरक्षणमा राख्ने व्यवस्था मिलाउने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | मन्त्रालयको सामाजिक विकास महाशाखा |
| ४. बजेट वाँडफाँड | खाजा/खाना, वैठक भत्ता,यातायात खर्च,  स्टेशनरी |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • तत्काल उद्धार समन्वय सञ्जालसँग समन्वय<br>• सञ्जाल समितिको नियमित बैठक सञ्चालन |
| ६. अपेक्षित प्रतिफल | लैंगिक हिंसा र मानव बेचविखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत निकायहरुबीच आवश्यक समन्वय भएको हुनेछ। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • बैठकको उपस्थिति विवरण तथा निर्णय प्रतिलिपि<br>• खर्चका बिल भर्पाईहरु<br>• फोटोहरु |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

### २.१.४ शिशु स्याहार केन्द्रको स्थापना तथा संचालन (प्रदेश केन्द्रमा)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ३००० | पहिलो, दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | महिला उपर हुने सवै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय कानून कार्यान्वयन गर्ने सन्दर्भमा कार्यालय समयमा निजामती कर्मचारीका शिशुहरुका लागि उपयुक्त संरक्षण, हेरचाह र रेखदेख गरी सार्वजनिक सेवालाई प्रभावकारी बनाउन तथा दिवा शिशु स्याहार केन्द्रको स्थापना तथा संचालन सम्बन्धी व्यवस्थापन कार्यलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | (क) निजामती कर्मचारीहरुलाई आफ्नो कामप्रति लगनशिल र जिम्मेवार हुन उत्प्रेरित गर्ने।<br>(ख) कार्यालय समयभित्र कर्मचारीका शिशुहरुको उपयुक्त वातावरणमा संरक्षण तथा स्याहार सुसार गरी चौतर्फी विकासमा सघाउ पुर्‍याउने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट वाँडफाँड | कार्यक्रम संचालन गर्ने कार्यविधि निर्माण पश्चात सोको अधिनमा रही खर्च गर्ने शिर्षकहरु तय गरिने |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • कार्यविधि तयार गरी सोही अनुरुप कार्यान्वयन गर्ने |
| ६. अपेक्षित प्रतिफल | • निजामती कर्मचारीहरु आफ्नो कामप्रति लगनशिल र जिम्मेवार भएका हुने।<br>• दिवा शिशु स्याहार केन्द्र व्यवस्थित, पारदर्शि तथा प्रभावकारी रुपले संचालन भएको हुने। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • स्वीकृत कार्यविधिमा उल्लेख भएका विषयहरु |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

### २.१.५ प्रदेश बालअधिकार समिति गठन तथा वैठक संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ३ | ९० | पहिलो, दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन २०७८ को दफा ३९ मा भएको व्यवस्था वमोजिम गठित समितिलाई प्रभावकारी रुपमा परिचालन गरी बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा संवोधन गर्नको लागि यो कार्यक्रम संचालन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • प्रदेश स्तरीय बाल अधिकार समितिको नियमित वैठक संचालन गर्ने ।<br>• बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा संवोधन गर्न मद्दत पुर्‍याउने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट वाँडफाँट | • खाजा, यातायात, वैठक भत्ता, पानी, स्टेशनरी लगायतका खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • वैठक संचालनको लागि समितिका सदस्यहरुलाई पत्राचार एवं जानकारी<br>• बैठक संचालन<br>• प्रतिवेदन |
| ६. अपेक्षित प्रतिफल | प्रदेश स्तरीय बालअधिकार समिति मार्फत कानून, नीति निर्माणका साथै बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा संवोधन भएको हुने। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • बैठकको उपस्थिति तथा निर्णय प्रतिलिपि<br>• खर्चका प्रमाणित बिल भरपाईहरु,<br>• प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

### २.१.६ प्रदेश बालपरिषद्को समन्वयमा बाल प्रतिभा छनौट र पुरस्कृत गर्ने

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशमा बालबालिकाहरुको सहभागिता, अन्तर सम्बन्ध, अधिकार र बालबालिकामा अन्तरनिहित प्रतिभाको प्रष्फुटन तथा विकासको लागि प्रदेश बाल परिषद्सँगको समन्वयमा बाल प्रतिभा छनौट मार्फत पुरस्कृत गरी थप हौसला प्रदान गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | ● बालबालिकामा अन्तरनिहित प्रतिभाको प्रष्फुटन र विकासमा सहयोग पुऱ्याउने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | ●पुरस्कार, खाजा, यातायात, वैठक भत्ता, पानी, स्टेशनरी लगायतका खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | ● प्रदेश बालपरिषद्सँग समन्वय वैठक संचालन<br>● प्रतिभा छनौटका क्षेत्र विधा एवम् प्रकृया निर्धारण<br>● कार्यक्रम संचालनको समयतालिका निर्धारण<br>● आवश्यकताका आधारमा जिल्लास्तर तथा प्रदेशस्तरमा कार्यक्रम संचालन<br>● जिल्लास्तरमा राष्ट्रिय बाल दिवसको अवसरमा कार्यक्रम संचालन गर्दा बाल प्रतिभा छनौटको कार्यक्रम समावेश गरी प्रदेशस्तरमा बाल प्रतिभा छनौटको लागि सिफारिस गरी पठाउने परिपत्र गर्ने<br>● खर्चको बाँडफाँड सहितको प्रस्ताव स्वीकृति<br>● तयारी तथा उत्कृष्ट प्रतिभा छनौट कार्यक्रम संचालन<br>● मूल्याङ्कन तथा छनौट<br>● पुरस्कार प्रदान<br>● प्रतिवेदन |
| ६. अपेक्षित प्रतिफल | ● उत्कृष्ट बालप्रतिभा पहिचान भई प्रोत्साहन भएको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | ● कार्यक्रम संचालन सम्बन्धी उपस्थिति, निर्णय लगायतका कागजातहरु<br>● खर्चका प्रमाणित बिल भरपाईहरु,<br>● प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

**२.१.७ प्रदेश आपत्कालिन उद्धार कार्यक्रम (महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत जोखिमपूर्ण अवस्थामा रहेका व्यक्तिहरुको लागि)**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १००० | प्रथम, दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | लैंगिक हिंसा तथा जोखिमपूर्ण अवस्थामा रहेका व्यक्तिहरुलाई तत्काल उद्धार, औषधी उपचार, कानूनी सहायता, मनोवैज्ञानिक उपचार, राहत तथा पुनर्स्थापना तथा आदि कार्यका पीडित तथा प्रभावितलाई रकम उपलब्ध गराउन यो कार्यक्रम समावेश गरिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | • लैंगिक हिंसाको दृष्टिले जोखिमपूर्ण अवस्थामा रहेका महिला, बालबालिका, अपाङ्ता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरुको लागि उद्धार, संरक्षण तथा पुनर्स्थापनामा सहयोग गर्ने,<br>• हिंसा पीडित तथा प्रभावितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श सेवा प्रदान गर्ने,<br>• सीपमूलक तालिम प्राप्त लैंगिक हिंसा पीडित तथा जोखिममा रहेका व्यक्तिहरुलाई स्वरोजगारका लागि प्रोत्साहन गर्ने।<br>• आर्थिक अवस्था कमजोर भएका विपन्न वर्गका नागरिकहरुलाई औषधी उपचारमा समेत सहयोग उपलब्ध गराउने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट वाँडफाँट | अनुसूची- ३ मा उल्लेखित मापदण्ड बमोजिम खर्च गरिने |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • मन्त्रालयको वेवसाइट मार्फत सूचना प्रकाशन<br>• प्राप्त निवेदनका आधारमा अनुसूची-३ मा उल्लेखित मापदण्ड बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने।<br>• मन्त्रालयले समन्वय बैठक गर्ने।<br>• प्रतिवेदन तयार गर्ने। |
| ६. अपेक्षित प्रतिफल | • हिंसा पीडित व्यक्तिलाई राहत तथा जोखिमपूर्ण अवस्थामा रहेका महिला, बालबालिका, अपाङ्ता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरुको लागि उद्धार, संरक्षण तथा पुनर्स्थापनामा सहयोग पुगेको हुनेछ। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • पीडित, प्रभावित तथा जोखिममा परेका व्यक्तिको निवेदन<br>• पहिचान खुल्ने कागजात<br>• प्रहरी/स्थानीय तहको सिफारिस पत्र |

| | |
|---|---|
| | • खर्च भएका विलभर्पाई<br>• सहयोग उपलब्ध गराइएका व्यक्तिहरुको विवरण |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

### २.१.८ महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति सम्बन्धी ऐन, कानून नीति निर्माण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १०० | पहिलो, दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | प्रदेशस्तरमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति सम्बन्धी भावी नीति तथा कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा सहयोग पुऱ्याउनुका साथै उक्त क्षेत्रसँग सम्बन्धित विषयमा प्रदेश ऐन तथा कानून बनाउने अभिप्रायले यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | • महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति सम्बन्धी प्रदेश नीति, ऐन तथा कानूनको निर्माण गर्ने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान सामाजिक विकास मन्त्रालय |
| ४. बजेट वाँडफाँट | • खाजा,खाना,यातायात, बैठक भत्ता, पानी, स्टेशनरी लगायतका खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • नीति, ऐन, कानून निर्माणको लागि स्वीकृती<br>• आवश्यकतानुसार कार्यदल/विज्ञ समूह गठन<br>• नीतिको मस्यौदा तयार<br>• मस्यौदा उपर सरोकारवालाहरुको सुझाव संकलन<br>• अर्थ मन्त्रालय तथा कानुन, संचार तथा प्रदेश सभा मामिला मन्त्रालयबाट राय तथा सहमति लिने<br>• प्रदेश सरकारबाट स्वीकृति/ सहमति लिने<br>• प्रदेश सभामा पेश गर्ने<br>• प्रदेश सभाबाट पारित हुने<br>• प्रतिवेदन |
| ६. अपेक्षित प्रतिफल | • नीति, ऐन तथा कानूनको निर्माण भएको हुने। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • वैठकको उपस्थिति तथा निर्णय प्रतिलिपि<br>• नीति, ऐन, कानूनको मस्यौदा |

| | |
|---|---|
| | • खर्चका प्रमाणित विल भरपाईहरु,<br>• कार्यक्रम सम्बन्धी विस्तृत विवरण सहितको प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

**२.१.९ प्रदेशस्तरमा महिला, बालबालिका ज्येष्ठ नागरिक अपांगता भएका व्यक्ति,लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको क्षेत्रमा काम गर्ने संस्थाहरुसग समन्वय बैठक**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १०० | दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशमा क्रियाशील रहेका संघसंस्थाहरु, उनीहरुबाट सञ्चालित कार्यक्रमहरुको बारेमा मन्त्रालयले आवश्यक जानकारी लिई आवश्यकता र प्राथमिकताको क्षेत्रमा सेवा सुविधाहरु परिचालन गर्न तथा निर्देशन एवम् नियमन गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • प्रदेशभित्रका गैर सरकारी संस्थाहरुको कार्यक्रमलाई प्रदेशका नीति, योजना तथा कार्यक्रमसँग आबद्ध गर्ने<br>• उनीहरुको उद्देश्य र क्रियाकलापहरुको बीचमा एकरुपता ल्याई मन्त्रालयको नीति निर्देशन अनुसार काम गर्न अभिप्रेरित गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | बैठक तथा कार्यक्रम सञ्चालन, यातायात खर्च, खाजा, स्टेशनरी |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • समन्वय वैठक तयारी तथा संचालन,<br>• सम्बन्धित क्षेत्रबाट भए गरेका कार्यक्रमहरुको आदान प्रदान तथा सुझाव संकलन<br>• प्रतिवेदन तयार तथा समीक्षा |
| ६. अपेक्षित प्रतिफल | गैर सरकारी संस्थाहरुको कार्यक्रमलाई प्रदेशका नीति, योजना तथा कार्यक्रमसँग आबद्ध गराई कार्यक्रम सञ्चालनमा प्रभावकारिता आउनेछ। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • बैठकको उपस्थिति विवरण तथा निर्णय प्रतिलिपि<br>• खर्चका बिल भर्पाईहरु<br>• फोटोहरु |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

### २.१.१० प्रदेश बाल परिषद् वैठक  सञ्चालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ३ | १२० | पहिलो, दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशमा बालबालिकाहरुको सहभागिता, अन्तर सम्बन्ध, अधिकार र विकासको लागि समन्वय गर्दै बालअधिकार सम्बन्धमा देखिएका समस्याहरु पहिचान गर्दै समाधानका उपाय सहित भावी रणनीति तय गर्ने  प्रदेश बाल परिषद्को नियमित रुपमा वैठक संचालन तथा व्यवस्थापनका लागि यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | बालबालिकाको अधिकारको संरक्षण र संवर्द्धनमा सहयोग पुऱ्याउने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट वाँडफाँट | खाजा/खाना, सहभागी यातायात. सहभागीलाई दैनिक भ्रमण भत्ता, स्टेशनरी |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • वर्तमान प्रदेश बालपरिषद्सँग समन्वय<br>• नियमित वैठक संचालन<br>• प्रतिवेदन तथा समीक्षा |
| ६. अपेक्षित प्रतिफल | प्रदेश बाल परिषद् मार्फत गण्डकी प्रदेशमा बालअधिकार संरक्षण र प्रबर्द्धनमा सघाउ पुग्नेछ। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • बैठकको उपस्थिति विवरण<br>• बैठकको निर्णय प्रतिलिपि<br>• विल भर्पाई सहितको प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.१.११ प्रदेशस्तरीय अपाङ्गता निर्देशन समिति बैठक सञ्चालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १५० | पहिलो, दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | प्रदेश भित्र रहेका अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकारको प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउनका लागि आवश्यक समन्वय, सहजीकरण तथा निर्देशन समेत गर्नको लागी अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐनको दफा ४१ ले दिएको अधिकारको प्रयोग गरी गठन गरिएको प्रदेशस्तरीय अपाङ्गता निर्देशन समितिको वैठक संचालनका लागि यो कार्यक्रम समावेश गरिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | • अपाङ्गता सम्बन्धी नीति तर्जुमा गर्न प्रदेश सरकारलाई सहयोग गर्नु,<br>• प्रदेश सरकारबाट स्वीकृत नीतिको अधीनमा रही अपाङ्गता सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा गरी लागु गर्ने गराउनु,<br>• अपाङ्गता भएका व्यक्तिका लागि सञ्चालित विभिन्न कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्नु, |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट वाँडफाँट | खाजा/खाना, सहभागी यातायात.  सहभागीलाई यातायात, स्टेशनरी |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • समितिका पदाधिकारीहरुसँग समन्वय<br>• नियमित वैठक संचालन<br>• प्रतिवेदन तथा समीक्षा |
| ६. अपेक्षित प्रतिफल | गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार प्रबर्द्धनमा सघाउ पुग्नेछ। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • बैठकको उपस्थिति विवरण<br>• बैठकको निर्णय प्रतिलिपि<br>• विल भर्पाई सहितको कार्यसम्पन्न प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

**२.१.१२ सामाजिक विकास क्षेत्रको नीति, योजना, ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधि तर्जुमा**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १०० | पहिलो, दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | मन्त्रालयको सामाजिक विकास महाशाखाबाट यस आर्थिक वर्षको लागि विनियोजना भइ आएका विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि विभिन्न नीति, योजना, ऐन, नियम, निर्देशिका, मापदण्ड एवम् कार्यविधिहरु तर्जुमाका लागि सहयोग पुऱ्याउन यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | • सामाजिक विकास महाशाखा तर्फका कार्यक्रम कार्यान्वयनका लागि निर्देशिका, मापदण्ड एवम् कार्यविधिहरु निर्माण गर्ने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | • खाजा,खाना,यातायात, बैठक भत्ता, पानी, स्टेशनरी लगायतका खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • कार्यक्रम कार्यान्वयनको लागि महाशाखाबाट निर्देशिका, मापदण्ड एवम् कार्यविधिहरुको मस्यौदा तयार गर्ने<br>• मस्यौदा उपर मन्त्रालयमा विभिन्न चरणमा (सचिवस्तरीय मन्त्रीस्तरीय) सुझाव संकलन<br>• आवश्यकता अनुसार अर्थ मन्त्रालय र कानुन मन्त्रालयको सुझाव लिने<br>• सुझावहरु समेटिएको मस्यौदा मन्त्रीस्तर/ मन्त्रिपरिषद्बाट स्वीकृत<br>• कार्यक्रमहरु कार्यान्वयन हुने<br>• प्रतिवेदन |
| ६. अपेक्षित प्रतिफल | • निर्देशिका, मापदण्ड एवम् कार्यविधिहरु निर्माण भएको हुने। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • वैठकको उपस्थिति तथा निर्णय प्रतिलिपि<br>• कार्यक्रमगत मस्यौदा<br>• खर्चका प्रमाणित विल भरपाईहरु,<br>• कार्यक्रम सम्बन्धी विस्तृत विवरण सहितको प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

### २.१.१३ मानव अधिकार सम्बन्धी सशक्तीकरण कार्यक्रम संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | पहिलो, दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | मानव अधिकार यस्तो अधिकार हो, जुन सवै मानिसले केबल मानव भएको नाताले पाउनु पर्दछ । मानिसको जात धर्म सम्प्रदाय राष्ट्रियता उमेर लिङग राजनीतिक विचार ज्ञान अपाङ्गता लैङ्गिक झुकाव लैङ्गिक परिचय आदी जेसुकै भएपनि फरक पर्नु हुँदैन । प्रत्येक मानिसले मानव अधिकारो उपयोग गर्न पाउनुपर्छ । समाजमा महिला बालबालिका ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु लगायतको मानव अधिकारको सम्मान गर्न र सोही अनुरुप सशक्तीकरणका लागि विभिन्न कार्यक्रमहरु संचालन गर्नका लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | मानवअधिकार सुनिश्चिताको प्रयासका लागि विभिन्न सशक्तीकरण/सचेतनामूलक कार्यक्रम संचालन गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट वाँडफाँट | प्रचार प्रसार,छलफल तथा अन्तर्क्रिया, गोष्ठी अन्तरसम्बाद, सचेतनामूलक कार्यक्रम संचालनको लागि प्रशिक्षक भत्ता, दैनिक भ्रमण भत्ता, स्टेशनरी, खाजा/खाना खर्च, वैठक भत्ता इत्यादी |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • तयारी वैठक<br>• सरोकारवालाहरुसँग समन्वय<br>• कार्यक्रमका सहभागीहरु छनौट<br>• कार्यक्रम सञ्चालन गर्न स्थान छनौट<br>• प्रचारप्रसार, छलफल तथा अन्तर्क्रिया, गोष्ठी अन्तरसम्बाद, सचेतनामूलक कार्यक्रम संचालन गर्ने<br>• अनुगमन<br>• प्रतिवेदन तथा समीक्षा |
| ६. अपेक्षित प्रतिफल | सशक्तीकरण/सचेतनामूलक कार्यक्रम संचालन मानव अधिकार सुनिश्चिताको सकारात्मक प्रयास भएको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • वैठकका निर्णय प्रति<br>• खर्चका बिल भर्पाई |

| | |
|---|---|
| | • कार्यक्रम सञ्चालनका फोटोहरु<br>• प्रतिवेदन विवरण |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

**पूँजिगत तर्फ**

**२.१.१४ प्रदेशस्तरीय अपाङ्गता ग्राम निर्माणको जग्गा प्राप्ति तथा डीपीआर तयारी**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| ३११७२ | पटक | १ | १००० | दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | नेपालको संविधानमा अपाङ्गता भएका नागरिकलाई विविधिताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक, शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून वमोजिम प्राथमिकताका साथ अवसर पाउने हकको व्यवस्था रहेको छ।गण्डकी प्रदेशभित्र रहेका अपाङ्गता भएका व्यक्तिहरुलाई क्षमता अनुसार आफै वा संरक्षकको सहयोगमा क्षमता अनुसारको रोजगारी प्रारम्भ गरी समाजमा सहज रुपमा स्थापित गराउने लक्ष्य अनुरुप आ.व. २०७५/०७६ मा अपाङ्गता भएका व्यक्तिहरुलाई पुनर्स्थापना एवं क्षमता अनुसारको रोजगारी प्रारम्भ गर्न सुविधा सम्पन्न अपाङ्गता आवसीय केन्द्र (अपांगता ग्राम) स्थापनाको सम्भाव्यता अध्ययन भई प्रतिवेदन समेत प्राप्त भएको सन्दर्भमा उक्त कार्य सम्पन्न गर्न जग्गा प्राप्ति तथा डी.पी.आर तयारी आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | प्रदेशस्तरीय सुविधा सम्पन्न अपाङ्गता आवासीय ग्राम निर्माणको लागि जग्गा प्राप्ती गरी डिपिआर तयार गर्ने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट वाँडफाँट | डी.पी.आर तयारी |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • शुक्लागण्डकी नगरपालिका तनहुँसँग समन्वय<br>• जग्गा प्राप्तीको लागि जिल्ला प्रशासन कार्यालय तनहुँ, मालपोत कार्यालय तनहुँ, नापी कार्यालय तनहुँ, गण्डकी प्रदेश सरकार तथा संघीय सरकारको भूमिसुधार मन्त्रालयसँग आवश्यक समन्वय<br>• जग्गा प्राप्ति<br>• डी.पी.आर तयारीको लागि सूचना प्रकाशन गर्न कार्य विवरण<br>• सूचना प्रकाशन/ प्रस्ताव माग<br>• व्यक्ति/संस्था छनौट |

| | | |
|---|---|---|
| | | • कार्यक्षेत्रगत शर्त स्वीकृति तथा सम्झौता<br>• डि.पि.आर. उपर मन्त्रालयमा प्रस्तुती र सुझाव संकलन<br>• डी.पी.आर प्रकाशन<br>• रकम निकासा |
| ६. | अपेक्षित प्रतिफल | जग्गा प्राप्ती भई डिपिआर तयार भएको हुने। |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | • जग्गा प्राप्ती सम्बन्धी कागजात<br>• व्यक्ति/संस्थासँग भएको सम्झौताको प्रतिलिपि<br>• खर्चका बिल भर्पाईहरु<br>• कार्य सम्पन्न भएको प्रतिवेदन<br>• अनुगमन प्रतिवेदन |
| ८. | अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

अनुसूची- १

**ज्येष्ठ नागरिक सेवा भवन तथा आश्रमहरुको सञ्चालन अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्तावको ढाँचा**

श्री शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल।

**१. ज्येष्ठ नागरिक सेवा भवन/ आश्रमको विवरणः**

(क) नामः (ख) अनुमति पाएको मितिः

(ग) ठेगानाः.............जिल्ला.................गा.पा./न.पा..........वडा नं. ............. टोल

(घ) ज्येष्ठ नागरिक सेवा भवन/ आश्रम सञ्चालक अध्यक्षको नामः ...........................
मोबाईल नं................. ईमेल.....

**२. कार्यक्रमको संक्षिप्त विवरणः**

(क) कार्यक्रमको नामः

(ख) लागत अनुमान अनुसारको रकम रु. ................. (अक्षरमा......................)

(ग) आश्रमको तर्फबाट रु........................... (अक्षरमा......................)

(घ) मन्त्रालयमा माग गरेको रकम रु.................... (अक्षरमा......................)

(ङ) अन्य स्रोतबाट रु.............................. (अक्षरमा......................)

(च) कार्यक्रम सम्पन्न हुन लाग्ने अवधि.......................................

**३. प्रस्ताव तयार पार्दा समावेश हुनु पर्ने मूख्य विवरणहरुः**

(क) कार्यक्रमको पृष्ठभूमिः .................... ....................... .................... ...................... ................ ...................... ....................... ................. .......................... ..................... ..................... ........................ ....................... ........................... .......... ..................... ..................... ............................. ..................... ................... ............

(ख) कार्यक्रमको औचित्यः............... ..................... ................. ............................. ...................... ......................... ....................... ...................... ..................

(ग) कार्यक्रमको उद्देश्यः ................. .................. ....................... ....................... ...................... .................... ..................... ................... .....................

(घ) सेवा भवन/आश्रममा हाल रहेका ज्येष्ठ नागरिकहरुको संख्याः

नोटः सेवा भवन /आश्रममा ज्येष्ठ नागरिकहरु कसरी आएका हुन्, कैफियतमा खुलाउनुहोसः

| ज्येष्ठ नागरिक | | | कैफियत |
|---|---|---|---|
| **महिला** | **पुरुष** | **जम्मा** | |
| | | | |

(ङ) भौतिक पूर्वाधारको अवस्था (कोठा सख्या, उज्यालोको अवस्था, मर्मत गर्नु पर्ने/नपर्ने, रङ्गरोगनको अवस्था, बसाइ व्यवस्था आदि) ...................... ...................... ........................ ........................ ..................... ...................... .................. .......................

(च) सेवा भवन/आश्रमबाट प्रदान गर्दै आएका सेवाहरु................. ................. ...................... ..........
................ .................. ................

(छ) आशातीत उपलब्धिः .................... ..................... .......................... ...............................
......................... .......................... ................. .................

(ज) प्रस्ताव पेश गर्ने सेवा भवन/आश्रमको तर्फबाट

नामः..................... ................ ..........  हस्ताक्षरः
पदः  मितिः
संस्थाको छापः  मोवाइल नं.

## अनुसूची -२

**ज्येष्ठ नागरिक सेवा भवन तथा आश्रमहरुको सञ्चालन अनुदान कार्यक्रम सञ्चालनका लागि प्रस्ताव मूल्याङ्कनका आधारहरु**

| क्र.सं | सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | सेवा भवन/आश्रममा आश्रित ज्येष्ठ नागरिकहरुको संख्या | ४० | | तुलनात्मक रुपले संख्या वढी भएकोलाई प्राथमिकतामा राखिने |
| २ | जग्गा/भवन आदि पूर्वाधारको उपलब्धता | ३० | | |
| ३ | सेवा केन्द्र/आश्रमको कार्यानुभव | ३० | | कार्यअनुभव बढी भएकालाई प्राथमिकतामा राखिने |
| जम्मा | | १०० | | |

## अनुसूची-३

# आपत्कालिन उद्धार कार्यक्रम अन्तर्गत राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार

(क) पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहात तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएको र सोका लागि तत्काल उद्धार तथा राहात व्यवस्थापन समितिको वैठक वसी तत्काल सहयोग रकम उपलब्ध गराउन सम्भव नहुने देखिएमा समितिको अध्यक्षले सो प्रयोजनको लागि पचास हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम,

(ख) पीडितले कुनै सीपमूलक तालिम प्राप्त गरी व्यावसाय संचालन गर्नका लागि वस्तुगत तथा नगद अनुदान माग गरेमा बढीमा प्रतिव्यक्ति बीस हजार बीउपूँजि अनुदानको रुपमा,

(ग) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाँको दरले बढीमा पाँच हजार रुपैयाँ,

(ङ) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा पाँच दिनको बास खर्च वापत प्रतिदिन पाँच सय रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा छ हजार पाँच सय रुपैया गरी लागेको यथार्थ खर्च,

(ङ) पुनर्स्थापनाको लागि बढीमा सात हजार रुपैयाँ,

(च) समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ।

(छ) पीडितसँग कुनै बालबच्चा भए बालबच्चाको लागि पीडित सरहको खाना खर्च रकम।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम (२) उपदफा (१) वमोजिमको अवस्था परी समितिको अध्यक्षबाट पीडितलाई रकम उपलव्ध गराईएकोमा त्यसरी रकम उपलव्ध गराईए पछि वस्ने समितिको वैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले मन्त्रालयमा लिखित निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा समितिले त्यस्तो पीडितलाई दुई हजार रुपैयाँमा नवढ्ने गरी मनासिव रकम थप गर्नका लागि सिफारिस गर्न सक्नेछ।